दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

सन्तुलित जनसंख्याः विकासको आधार
- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
-जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
-किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं ।
-स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३८ | अंक १७१ | बुटवल | २०८३ असार १० गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday Jun 24, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# ‘देशमा राज्य आतंकको बर्बरता’

बुटवल । नेकपा एमालेले पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेलको पक्राउ गैरन्यायिक भएको बताएको छ । पार्टी केन्द्रीय कार्यालय, च्यासलमा बसेको संसदीय दलको बैठकले उक्त निष्कर्ष निकालेको हो ।

साथै, उनलाई तत्काल रिहाइको माग पनि पार्टी बैठकले गरेको छ । ‘पार्टी उपाध्यक्ष विष्णु पौडेलको गिरफ्तारी गैरन्यायिक भएको पार्टीको निष्कर्ष छ र तत्काल रिहाइको माग गर्ने निर्णय भएको छ ।’- एमाले स्रोतले भन्यो । उपाध्यक्ष पौडेललाई सोमबार सुर्खेतबाट पक्राउ गरिएको थियो ।

नेकपा एमाले संसदीय दलको बैठकले सरकार तानाशाही, स्वेच्छाचारी र अधिनायकवादी बाटोमा अग्रसर भएको समीक्षा गरेको छ । मंगलबार केन्द्रीय कार्यालय च्यासलमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा बसेको बैठकमा देशमा राज्य आतंकको बर्बरता भएको निष्कर्ष निकालेको हो ।

‘सरकार तानाशाही र स्वेच्छाचारी बाटोमा छ । अधिनायकवादी बाटोमा छ । संविधान लोकतन्त्र र राष्ट्रको विरुद्धमा छ,’ बैठकपछि पत्रकारसँग कुराकानी गर्दै एमाले संसदीय दलका प्रमुख सचेतक ऐन महरले भने- ‘आज देशमा राज्य आतंकको बर्बरता छ । कानुनी राज्य, विधिको शासनको बर्खिलापमा छ । सरकारको कार्यशैलीको विरुद्धमा नेकपा एमाले दृढतापूर्वक प्रस्तुत हुने निर्णय भएको छ ।’

देशमा अहिले कुनै पनि तह र तप्काका मान्छे सुरक्षित महशुस गर्न नसकिरहेको उनले बताए । ‘जताततै त्राहिमामको स्थिति छ । त्यसविरुद्ध एमाले उभिन्छ ।’- महरले भने ।

यस्तै अर्कातिर जनता महँगीको मारमा परिरहेको पनि एमालेले ठहर गरेको छ । ‘अर्कातिर महँगी आकाशिएको छ । पेट्रोलियम पदार्थ विदेशमा मूल्य घट्दा पनि नेपालमा बढाएको छ । यसले जनताको ढाड सेक्ने काम भएको छ । अविलम्ब राज्य आतंक रोक्न र महँगी रोकेर जनतालाई सहुलियत दिएर संवैधानिक हक र मानवअधिकारको ख्याल राख्न सरकारको ध्यानाकर्षण गर्ने निर्णय भएको छ ।’- उनले भने । नेकपा एमालेका उपाध्यक्ष एवम् पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेललाई बिनाप्रमाण तानाशाही शैलीमा पक्राउ गरिएको उनका वकिलले दाबी गरेको छन् ।

विशेष अदालतमा म्याद थपका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उपस्थित गराएपछि त्यसको प्रतिवादमा उनीहरूले म्याद थप गर्ने कुनै आधार र प्रमाण नरहेको जिकिर गरेका हुन् ।

पूर्वमहान्यायाधिवक्ता समेत रहेका वरिष्ठ अधिवक्ता रमेश बडालले अदालतमा पनि सरकारले दबाब सिर्जना गरिरहेको र यसको जानकारी आफूले पाइसकेको दाबी गरे ।

‘यो श्रीमानबाट जानकारी होस् वा नहोस् । यस्तो तानाशाही प्रवृत्तिविरुद्ध कानुन व्यवसायीले बोल्नुपर्छ । स्वतन्त्र, निस्पक्ष र सक्षम न्यायपालिकाको अनुभूति आज हामीलाई हुनेछ भन्ने विश्वास गरेका छौं । यो स्थिति आज देखिन आवश्यक छ’, बडालले सरकारको कदमलाई मुसोलेनी र हिटलरसँग तुलना गर्दै भने- ‘हाम्रोमा पनि जन्मिन गइरहेका मुसोलेनीहरू, हिटलरहरूलाई पहिले नै अधिकारबाट वञ्चित गर्न थालिएन, अदालतले त्यहाँ एक्सन लिएन भने भोलि पर्सी हामी त्यसको प्रभावबाट कोही पनि बाँकी बस्ने अवस्था छैन ।’

» बाँकी ३ पेजमा

# पाँच दिनभित्र होल्डिङ सेन्टर खाली गर्न सुकुम्वासीलाई निर्देशन

**सुकुम्वासीले भने २५ हजार लिएर पाँच दिनपछि कहाँ जाने भन्दै सरकारको निर्णयले थप पीडा दिएको गुनासो गरेका छन् ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

सरकारले सबै होल्डिङ सेन्टरमा रहेका सुकुम्वासीलाई सरकारले दिने भनेको सेवा-सुविधा लिएर पाँच दिनभित्र बसेको स्थान खाली गर्न निर्देशन दिएको छ । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले पाँच दिनभित्र सरकारले दिने भनेको २५ हजार रुपैयाँ लिएर होल्डिङ सेन्टर छाड्न निर्देशन दिएको हो ।

‘सरकारले सुरुमा एकमुष्ट २५ हजारका दरले पैसा दिने, त्यसपछि मासिक १५ हजार दिने भनिसकेको छ,’ सूचना अधिकारी टोपबहादुर बानियाँले भने- ‘अब खाता खोलेर पाँच दिनभित्र उक्त रकम लिएर जान भन्ने निर्देशन भएको छ । यो मन्त्रीस्तरमा निर्णय भएर हामीले यसको व्यवस्थापन हेर्नेछौं ।’

यस्तै त्यो विषयको सूचना सबै होल्डिङ सेन्टरहरूमा समेत टाँसिएको छ । यदि २५ हजार रुपैयाँ लिएर पनि जाने विकल्प नभएकाको हकमा अर्को निर्णय हुने उनले बताए । ‘सुरुमा अब यो प्रक्रियाबाट कतिजना जानुहुन्छ हेरौं । त्यसपछि जाने उपाय नभएकाको लागि के गर्ने भन्नेबारे फेरी छलफल र अर्को निर्णय हुन्छ ।’- उनले थपे । हालसम्म सबै होल्डिङ सेन्टरमा ३८८ घरपरिवार रहेका छन् । उनीहरूको स्क्रिनिङको काम सकिएको बानियाँले बताए । होल्डिङ सेन्टरमा नबसेका सुकुम्वासीहरूको हकमा पनि रंगशालामा स्क्रीनिङको काम जारी रहेको छ ।

सुकुम्वासी बस्ती भत्काएपछि सुकुम्वासीको रूपमा आफ्नो नाम दर्ता गराउन आउनेको संख्या दुई हजार ६०८ जना रहेको थियो । त्यसमध्ये ३८८ जना होल्डिङ सेन्टरमा रहेका छन् भने बाँकी बाहिर आफैं व्यवस्थापन गरेर बसेका छन् । ‘हामीले दिने भनेको सुविधा बाहिर रहेको वा होल्डिङ सेन्टरभित्र रहेका सबै वास्तविक सुकुम्वासीलाई हो । अब होल्डिङ सेन्टरमा रहेकाहरू पनि सरकारको सुविधा लिएर स्व-व्यवस्थापन गर्नुहुन्छ भन्ने अपेक्षा छ ।’- बाँनियाले भने ।

सरकारले बस्ती छाड्ने उर्दी जारी गर्दासम्म आफूहरुलाई केही थाहा नभएको सुकुमवासी राजकुमार माझीले बताए । उनका अनुसार मंगलबार बिहान १० बजेतिर सूचना टाँसिएको हुनसक्छ । त्यसपछि एघार बजेतिर मात्र उनीहरुले यो कुरा थाहा पाए, जसलाई पछि बागमती सभ्यताको टोली गएर स्पष्ट पर्‍यो । तर, यसरी सरकारी टोली गएर सुकुमवासीलाई ब्रिफिङ गर्दा सबै बोलाइएका थिएनन् । उनीहरू भित्र छिर्दा जो-जो भेटिए, तिनैलाई सुनाएर सरकारी टोली फर्किए ।

‘म बाहिर निस्केर बसिरहँदा आएर भनेको थियो । हामी त्यहीं भएकालाई यो कुरा थाहा भयो । भित्र बसेका अरुले त पछि हामीले भनेपछि मात्र थाहा पाए,’ माझीले भने-‘सरकारले त जिम्मेवारी महसुस गरेर सबैलाई बोलाएर भनौं, सल्लाह गरौं भन्ने सोंच पनि देखिएन । हामीप्रतिको सम्मान पनि देखिएन ।’ हुन पनि कीर्तिपुर होल्डिङ सेन्टरमै रहेकी गीता लामालाई यो विषय थाहै थिएन । दिउँसो करिब तीन बजे सम्पर्कमा आएकी उनले हल्ला सुने पनि औपचारिक जानकारी थाहा नभएको बताइन् । जबकी उनी बिहानबाट त्यही होल्डिङ सेन्टरमा थिइन् । उनलाई आफूलाई पाँच दिने अल्टिमेटम दिएको कुरा ढिलोगरी मात्र हो-हल्ला भएपछि थाहा भयो ।

सरकारले सूचना टाँसेपछि प्रश्नैप्रश्नले बिथोलिएकी उनलाई अब आफ्ना सन्तानको चिन्ता छ । सर्लाहीमा सबै बाढीले बगाएपछि सुकुम्वासी बस्ती आइपुगेको गीताको परिवार २०औं वर्षदेखि थापाथलीमा बसोबास गर्न थाल्यो । गीताले गलैंचा बुनिन्, ज्यामी काम गरिन् र खोला किनारमै सानो परिवार टिकाइरहिन् । तर त्यहाँबाट सरकारले नै उठिबास लगायो । ‘हुँदा हुँदा अब त यही होल्डिङ सेन्टरबाट जानु रे ! त्यो २५ हजार लिएर म कहाँ जानु ?,’ उनले चिन्तित हुँदै भनिन्, ‘न पहिले गरिरहेको ज्यामी कामै रह्यो । अब त त्यो साहुले पत्याउँदैन होला । न त अब जाने बाटो छ । सरकार त के आफ्नो भन्नु ? कालो चस्माले सबै ढाकेर बसेको छ क्यारे !’ गीताकै लयमा राजकुमार थप्छन्- ‘अब भत्कनु सबै भत्किसक्यो । २५ हजारको भरमा त मरे छाडिन्नँ । हामीलाई लालपुर्जा चाहिन्छ ।’

हुन पनि यसअघि नै सरकारले सबै सुकुम्वासीलाई तोकेको रकम लिन प्रभु बैंकमा खाता खोल्न भनेको थियो । तर, किर्तिपुर होल्डिङ सेन्टरका सबैले उक्त निर्देशन इन्कार गरे । खाता खोलाउन गएको बैंकको टोलीलाई रित्तै फर्काइदिए । उनीहरूले सरकारको यो व्यवस्थापन प्रक्रियालाई खुलेर सहयोग गरेनन् । कारण - जसरी १५ दिनभित्र व्यवस्थापन गर्छु भनेर होल्डिङ सेन्टरमा ल्याएर सुकुमवासीलाई अल्झाइयो, त्यसैगरी फेरी पन्छाउने बाटो रोजेको होकी भन्ने शंका उनीहरुलाई छ । ‘हामीले बैंक खाता उनीहरुले भनेको ठाउँमा खोलेनौं । बरु अन्तिममा धेरै आएपछि पुरानै आफ्नो खाता चाहिँ दिएर पठायौं ।’- राजकुमारले भने ।

होल्डिङ सेन्टरभित्र राजकुमारको परिवारमा दुईजना छन् । छोरी लिएर त्यहीं बसेका उनले अन्य परिवारका कठिनाई नजिकबाट देखेका छन् । आफूले काम गर्न सके पनि केही गर्नै नसक्ने थुप्रै छन् । अझ केही हप्ताअघि मात्र वीर अस्पतालमा बितेका ३९ वर्षीय भेषराज दर्जीको परिवारको बिजोग रहेको उनको भनाई छ ।

» बाँकी ३ पेजमा

# सरकारले नै मुलुकको स्वतन्त्रतामाथि असर पारेको छ : महन्थ



बुटवल । जनता समाजवादी पार्टी, नेपालका सांसद महन्थ ठाकुरले वर्तमान सरकारले मुलुकको स्वतन्त्रतामाथि नै असर पार्ने खालको गतिविधि गरिरहेको आरोप लगाएका छन् ।

मंगलबार राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् । सरकारले वाह्य मुलुकको हित हुने खालको काम गरिरहेकाले उनीहरू खुसी भएको पनि सांसद ठाकुरको जिकिर थियो ।

उनले सरकारले नेपाली जनताको नभई अन्य मुलुकको हित हुनेगरी काम गरिरहेको पनि बताए ।

सरकारको प्राथमिकतामा देश र जनता नरहेको सांसद ठाकुरको बुझाइ थियो । उनले भने-‘जुन राज्य छ । यो ननफङ्सनिङ हो । जनताको हातमा त केही छैन । सबै सकियो । हाम्रो स्वतन्तत्रतामाथि नै असर परिरहेको छ । किनकि बाहिरका मानिसले सबै चिज कब्जा गरिहाले । र उनीहरूको चित्त बुझाउने गरी सारा काम भइरहेको छ ।’

सांसद ठाकुरले सरकारको कारण मुलुक बाह्य मुलुकहरूको कब्जामा गएको पनि बताए । महन्थ ठाकुरले वर्तमान सरकारले मुलुकको स्वतन्त्रतामाथि नै असर पार्ने खालको गतिविधि गरिरहेको आरोप लगाएका छन् ।

» बाँकी ३ पेजमा

# लुम्बिनीको बजेटमा विपक्षीसँगै सत्ता पक्षकै असन्तुष्टी



बुटवल । लुम्बिनी सरकारको बजेटप्रति सत्ता पक्षकै सांसद र प्रतिपक्षी दलहरुले विरोध जनाउँदै पुनर्लेखन नभएसम्म बैठक चल्न नदिने चेतावनी दिएका छन् । आगामी आर्थिक वर्ष २०८३-८४ को बजेटमाथि आजदेखि छलफल सुरु भएको थियो ।

सोमबारका लागि निर्धारित प्रदेशसभाको बैठक सांसदहरुको असन्तुष्टीपछि मंगलबारका लागि सारिएको थियो । बजेटमाथिको छलफलमा सत्ता पक्ष नेपाली कांग्रेस, जनमत पार्टी र जसपा नेपाल तथा प्रतिपक्षी दलहरु नेपाली कम्युनिष्ट पार्टी, राप्रपा र राष्ट्रिय जनमोर्चाका सांसदहरुले बजेट असन्तुलित, नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता र सिद्धान्तसँग मेल नखाने गरी आएको भन्दै विरोध जनाएका थिए ।

बजेट विनियोजन प्रति असन्तुष्ट सांसदहरुले बजेट पुस्तिका (रातो किताब) पुनर्लेखन हुनुपर्ने माग गर्दै यो नभएसम्म प्रदेशसभा बैठक चल्न नदिने चेतावनी दिंदै लगातार विरोध जनाएपछि सभामुख तुलाराम घर्तीले बैठक आधा घण्टाका लागि स्थगित गरेका थिए । तर सत्ता पक्ष र प्रतिपक्षबिच सहमति नजुटेपछि सभामुखले भोलि मंगलबार एक बजेसम्मका लागि बैठक स्थगित भएको सूचना टांस गरेका छन् ।

प्रमुख विपक्षी दलका सांसद इन्द्रजित थारुले प्रदेशको आवधिक योजना, नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त र प्राथमिकतासंग मेल नखाने गरी असन्तुलित बजेट आएको हुंदा सच्याएर पुनर्लेखन गर्नुपर्ने अधिकांश सांसदहरुको माग रहेको बताए । वजेट निर्माणका क्रममा मन्त्रीहरुले सांसदहरुसंग योजना माग गरेका तर ती योजनाहरुलाई वजेटले सम्बोधन नगरेकाले एमालेकै सांसदहरुले बजेट पुस्तिका पुनर्लेखन गर्नुपर्ने विपक्षी दलको मागमा समर्थन जनाएको थारुले बताए ।

» बाँकी ३ पेजमा

# रास्वपामा बाहुन-क्षेत्रीको बर्चश्व



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सदस्यमा खस आर्यकै वर्चस्व रहेको पाइएको छ ।

चितवनमा जारी प्रथम महाधिवेशनमा पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले सांगठनिक प्रतिवेदन पेस गरेका छन् । उक्त प्रतिवेदनअनुसार रास्वपाको सदस्यता लिनेको संख्या ५ लाख २३ हजार ४६५ छ ।

यसमध्ये पुरुष सदस्यको संख्या ३ लाख ९६ हजार ७८९ छ भने महिलाको संख्या ८९ हजार ८९६ छ । अन्य ५८८ जना रहेका छन् । लैंगिकता थाहा नभएको वा नखुलाउनेको संख्या ३६ हजार १९२ छ ।

समावेशी क्लस्टरअन्तर्गत खस आर्य २ लाख ३८९ जना छन् । यो ४१ प्रतिशत हो । दोस्रोमा मधेशी छन् । ९४ हजार २१ जना मधेशी क्लस अन्तर्गतका छन् । यो १८ प्रतिशत हो । तेस्रोमा आदिवासी जनजाति ९० हजार ३८५ जना रहेका छन् । यो १७.३ प्रतिशत हो ।

दलित ५० हजार ८१४ जना छन् । यो ९.७ प्रतिशत हो । मुस्लिम १३ हजार २९ जना छन् । यो २.५ प्रतिशत हो भने १० हजार ७१८ थारु छन् । यो २ प्रतिशत हो ।

जातजाति नखुलाउनेको संख्या ५० हजार १०९ छ । यो ९.६ प्रतिशत हो । रास्वपाको प्रथम महाधिवेशन चितवनमा जारी छ । प्रतिवेदनहरू पेस भइसकेपछि सभापति र केन्द्रीय सदस्यको लागि निर्वाचन प्रकृया सुरु हुनेछ ।



## सम्पादकीय

# उत्पादनमा रिब्दीकोट मोडल

उत्पादनमुखी अभियानमा अब्बल काम गरिरहेको  रिब्दीकोट गाउँपालिकाले व्यवसायिक कृषिमा किसानलाई आकर्षित गर्न एक बोट सयको नोट कार्यक्रम ल्याएको छ । पालिकाले किसानलाई फलफूलका बिरूवा लगाउन प्रेरित गर्दै यो कार्यक्रम ल्याएको हो । पालिकाका ३ सय ८८ किसानले मौसम, सुन्तला, कागती र कफिका ३७ हजार बिरूवा माग गरेका छन् ।

पहाडमा व्यवसायिक तरकारी र फलफूलको प्रचुर सम्भावना छ । स्याङ्जामा सुन्तलाको व्यवसायिक खेती विस्तार हुँदा वर्षेनी किसानले करोडौं भित्र्याएका छन् । गुल्मीमा पनि सुन्तला खेतीको विस्तार भइरहेको छ । रिब्दीकोटमा सुन्तला खेतीको सम्भावना रहेको र यहाँ अकबरे खुर्सानीको व्यवसायिक उत्पादन भइरहेको छ । यहाँका किसानले गत वर्ष खुर्सानी बेचेर ६ करोड रुपैयाँ भित्र्याए । किसानले व्यवसायिक उत्पादनबाट आम्दानी लिन थालेपछि पालिकाले योजनाबद्ध पहलकदमी लिएको हो । पालिका उत्पादनका केन्द्र हुन् । एक पालिका एक उत्पादनको मोडलमा हरेक पालिकालाई उत्पादनको केन्द्र बनाउनुपर्छ सोंच संघीय सरकारले केही वर्षअघि नै सारिसकेको छ । पालिकालाई उत्पादनको केन्द्र बनाएर काम गर्दा वैदेशिक रोजगारी र बसाईसराइलाई रोक्न सकिने सम्भावना प्रचुर छ । विभिन्न कारणले शहर छिरेकाहरु गाउँ उत्पादनको केन्द्र भएपछि गाउँ फर्कन बाध्य हुन्छन्, रिब्दीकोटमा केही युवा गाउँ फर्केका छन् । जहाँ आर्थिक ढंगले चलायमान हुन्छ, त्यहाँ धेरै सम्भावना देखिन्छ ।

हरेक वडामा नमूना फलफूल तथा जडीबुटी बगैंचा निर्माण कार्यक्रम पालिकाले सुरु गरेको छ । खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्तिको अन्त्य गर्दै फलफूल तथा जडीबुटी उत्पादनमार्फत् किसानको आयआर्जन वृद्धि गर्न अभियान प्रभावकारी हुने गाउँपालिकाको अपेक्षा छ । किसानको आर्थिक भार कम गर्न पालिकाले चार वर्षसम्म नगद सहयोग गर्ने योजना बनाएकाले उत्पादन लागतमा किसानलाई राहत हुनेछ । अभियानमा सहभागी हुन न्यूनतम ५० वटा बिरुवा रोप्नुपर्छ । किसानलाई पहिलो वर्ष प्रतिबिरुवा एक सय रुपैयाँ, दोस्रो वर्ष ७५ रुपैयाँ, तेस्रो वर्ष ५० रुपैयाँ र चौथो वर्ष २५ रुपैयाँका दरले नगद प्रोत्साहन उपलब्ध गराउने योजना अघि सारेको छ ।

पालिकालाई उत्पादनको केन्द्र बनाउन रिब्दीकोटको मोडल उदाहरणीय हुनसक्छ । अरु पालिकाले पनि रिब्दीकोटबाट सिकेर अघि बढौं ।

# शिक्षामा गरिबविरुद्ध अपराध



भोला पासवान

> यो अपराधमा अभिभावकहरू पनि मौन साझेदार बनेका छन् वा बनाइएका छन् । हुने खाने अभिभावक सोच्छन्, 'पैसा तिरेर निजीमा राम्रो पढाइ पनि भयो, सरकारीको ट्याग भिरेर भोलि छोराछोरीले छात्रवृत्तिमा डाक्टर पढ्न पनि पाउने भए । मलाई के घाटा !' तर उनीहरूले यो बुझेका छैनन् कि यो अनैतिक र गैरकानुनी जगमा उभिएको शिक्षाले उनीहरूका छोराछोरीलाई भोलि कस्तो नागरिक बनाउला ? यसले समाजका वास्तविक गरिबमाथि कति ठुलो अन्याय गरिरहेको होला ?

नीति एकातिर, नियति अर्कोतिर : नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । शिक्षासम्बन्धी ऐन कानुनले प्रत्येक नागरिकलाई अनिवार्य तथा निःशुल्क शिक्षामा समान पहुँचको व्यवस्था गरेको छ । तर, व्यवहारमा राज्यले बनाएका कानुन र नीतिभन्दा स्थिति फरक र क्रूर छ । तराईका जिल्ला, विशेषगरी सप्तरी, सिराहा, धनुषा र महोत्तरीमा शिक्षा क्षेत्रमा एउटा यस्तो डरलाग्दो संगठित अपराध मौलाइरहेको छ, जसले एकातिर राज्यको कानुन र प्रविधिलाई गिज्याइरहेको छ भने अर्कातिर विपन्न र सीमान्तकृत समुदायका गरिब बालबालिकाको भविष्यमाथि डकैती गरिरहेको छ ।

यो अपराध हो, स्वीकृतभन्दा माथिल्लो कक्षा अवैध रूपमा सञ्चालन गर्ने र त्यहाँका विद्यार्थीलाई सरकारी (सामुदायिक) विद्यालयका विद्यार्थी दाबी गर्दै सरकारी डिजिटल प्रणाली (इएमआइएस) मा सूचीकृत गर्ने । सामान्य भाषामा भन्दा भौतिक रूपमा निजी विद्यालयमा महँगो शुल्क तिरेर पढ्ने हुनेखानेका छोराछोरीलाई कागजी रूपमा चाहिँ 'सरकारी विद्यालयको गरिब विद्यार्थी' प्रमाणित गरेर राज्यले दिने अर्बौंका छात्रवृत्ति र सुविधा कुम्ल्याउने यो महारोग देशव्यापी बन्दै गएको छ । अपराधको मोडल, यसरी हुन्छ कागजी खेल : नेपाल सरकारले प्रत्येक विद्यालयको विद्यार्थी संख्या, भौतिक पूर्वाधार र शैक्षिक अवस्थाको लेखाजोखा राख्न 'एजुकेसन, म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम (इएमआइएस) नामक सफ्टवेयर सञ्चालन गर्छ । यही प्रणालीका आधारमा विद्यालयले सरकारी अनुदान, पाठ्यपुस्तकको बजेट, दिवा खाजाको रकम र सबैभन्दा महत्त्वपूर्ण कुरा, कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई) तथा उच्च शिक्षाका लागि छात्रवृत्ति कोटा प्राप्त गर्छन् ।

तर, सप्तरीलगायत तराईका जिल्लामा यो प्रविधि नै विकृतिको सबैभन्दा ठुलो हतियार बनेको छ । तराईका धेरै निजी (संस्थागत) विद्यालयले कक्षा ५ वा ६ सम्म पढाउने स्वीकृति सरकारबाट लिएका छन् । तर, फिल्डमा हेर्ने हो भने ती विद्यालयले कक्षा १० सम्म निर्बाध रूपमा विद्यार्थी भर्ना गरिरहेका छन् र मासिक हजारौँ रुपैयाँ शुल्क असुलिरहेका छन् ।

ती विद्यार्थी कक्षा ८ को जिल्लास्तरीय परीक्षामा पुग्ने वेला वा सोभन्दा तल्लो कक्षामै, निजी विद्यालयका सञ्चालकले नजिकैको कुनै सरकारी विद्यालयका प्रधानाध्यापकसँग 'सेटिङ' मिलाउँछन् । निजीमा पढ्ने ती विद्यार्थीका नाम र विवरण सरकारी विद्यालयको इएमआइएस प्रणालीमा प्रविष्टि गराइन्छ । परीक्षाको फारम सरकारी विद्यालयको नामबाट भरिन्छ । परिणामस्वरूप, ती विद्यार्थीले परीक्षा सरकारी विद्यालयबाट दिन्छन्, तर उनीहरूको वास्तविक अध्ययन, कक्षा र शिक्षण शुल्क भने निजी विद्यालयमै भइरहेको हुन्छ ।

गरिबको गाँस खोस्ने छात्रवृत्ति माफिया : यो प्रपञ्च प्राविधिक त्रुटि वा सानोतिनो ठगी मात्र होइन । राज्यले समाजका विपन्न र सीमान्तकृत वर्गलाई मूलधारमा ल्याउन गरेको लगानीमाथिको ठुलो डकैती हो यो । निजी विद्यालयका सञ्चालक र हुनेखाने अभिभावकले यो अपराध गर्नुको मुख्य उद्देश्य 'सरकारी विद्यालयको कोटा' हात पार्नु हो । सर्वोच्च अदालतले २०७७ सालमा एउटा ऐतिहासिक फैसला गर्दै सरकारी छात्रवृत्ति, चिकित्सा शिक्षा, इन्जिनियरिङ र निजामती सेवाका आरक्षित कोटामा प्रतिस्पर्धा गर्न 'कम्तीमा ६ देखि १० कक्षासम्म सामुदायिक विद्यालयमा नियमित अध्ययन गरेको हुनुपर्ने' अनिवार्य व्यवस्था गरेको छ । यही नियमको छिद्र प्रयोग गर्दै निजी विद्यालयले आफ्ना विद्यार्थीलाई कागजी रूपमा सरकारी प्रमाणित गराइदिन्छन् । यसको प्रत्यक्ष मार कसलाई परिरहेको छ ?

लक्षित वर्ग वञ्चित : वास्तविक गरिब, मुसहर, चमार, डोम, दलित र आर्थिक रूपमा विपन्न परिवारका छोराछोरी जसले सुरुदेखि अन्त्यसम्म सरकारी विद्यालयमै पढेका हुन्छन्, उनीहरू उच्च शिक्षाको प्रतिस्पर्धामा आउनै सक्दैनन् ।

अवसरमाथि डकैती : निजीमा गुणस्तरीय र महँगो ट्यूसन पढेका हुनेखानेका छोराछोरीले सरकारी स्कुलको 'ट्याग' भिरेर डाक्टर, इन्जिनियर र सरकारी अधिकृत बन्ने छात्रवृत्ति सहजै कब्जा गर्छन् । यो सीधा-सीधा गरिब मार्ने र हुनेखानेलाई राज्यकोषबाट पोस्ने आपराधिक चक्र हो ।

विद्यमान ऐन र दण्डको व्यवस्था : नेपालको कानुनले यसप्रकारको कार्यलाई गम्भीर आर्थिक र फौजदारी अपराधका रूपमा परिभाषित गरेको छ । तर विडम्बना, यी कानुन दराजमा थन्किएका छन्, कार्यान्वयन शून्य बनाइएका छन् ।

१. शिक्षा ऐन, २०२८ को दफा ३ (१) मा कसैले पनि अनुमति वा स्वीकृति नलिई विद्यालय स्थापना वा कक्षा सञ्चालन गर्न नपाउने व्यवस्था छ । तर, अनुमतिविनै कक्षा ७ देखि १० सम्म गैरकानुनी रूपमा सञ्चालन गरिएको अवस्था छ ।

२. शिक्षा नियमावली, २०५९ को नियम १६८ मा विद्यालयले विद्यार्थी र शिक्षकको सही र सत्य विवरण मात्र सरकारी अभिलेखमा राख्नुपर्ने बताएको छ । तर, निजीका विद्यार्थीलाई सरकारी विद्यालयको इआइएमएसमा चढाएर गलत विवरण पेस गरिएको छ ।

३. मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ मा सरकारी वा सार्वजनिक अभिलेखमा झुटो विवरण प्रविष्टि गर्नु वा सच्याउनु 'किर्ते'सम्बन्धी कसुर हो भनिएको छ । सफ्टवेयरमा झुटो डेटा हालेर सरकारी कागजात र विद्यार्थीको पहिचान किर्ते गरिएको अवस्था छ ।

४. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ मा राज्यको छात्रवृत्ति र सुविधा विपन्न तथा लक्षित वर्गले मात्र पाउनुपर्ने ग्यारेन्टी गरिएको छ । तर, सम्पन्न वर्गद्वारा सरकारी सुविधाको गैरकानुनी उपभोग भइरहेको छ । मुलुकी अपराध संहिता, २०७४ अनुसार सरकारी अभिलेख किर्ते गर्ने कार्यमा संलग्न व्यक्तिलाई सात वर्षसम्म कैद र सत्तरी हजारसम्म जरिवाना हुने कडा व्यवस्था छ । तर, आजसम्म यो कसुरमा देशका कुनै पनि विद्यालय सञ्चालक वा प्रधानाध्यापकमाथि मुद्दा चलाइएको रेकर्ड छैन ।

मन्त्रालयको कागजी निर्देशन र स्थानीय तहको मौन समर्थन : यो बेथिति रोक्न सरकारले प्रयास नै नगरेको भने होइन । शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र (सञ्चालन तथा व्यवस्थापन शाखा) ले पटक-पटक सबै स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइलाई 'स्वीकृत कक्षा र स्वीकृत सिट संख्याभन्दा बढी विद्यार्थी भर्ना नगर्न/नगराउन र अनधिकृत कक्षा तुरुन्त बन्द गर्न' भनी कडा परिपत्र जारी गरेको छ । नयाँ शैक्षिक सत्र सुरु हुनुअगावै यो निर्देशन आएपछि आमनागरिक र सरोकारवालामा अब त यो अपराध रोकिएला कि भन्ने झिनो आशा पलाएको थियो । तर, परिणाम 'हात्ती आयो हात्ती आयो फुस्सा'जस्तै भयो । गरिबविरुद्ध यो अपराध निर्बाध जारी छ ।

**यो अपराध नरोकिनुको मुख्य कारण :**

स्थानीय तह (नगरपालिका/ गाउँपालिका) : संघीयता कार्यान्वयनपछि माध्यमिक शिक्षासम्मको सम्पूर्ण अधिकार स्थानीय तहमा छ । कुन विद्यालयले कति कक्षा चलाएको छ, कहाँ कति विद्यार्थी छन् भन्ने अनुगमन गर्ने मुख्य दायित्व स्थानीय सरकारको हो । तर, स्थानीय तहका शिक्षा शाखाका कर्मचारी, वडा अध्यक्ष र मेयर/अध्यक्ष नै निजी विद्यालय सञ्चालकको राजनीतिक र आर्थिक प्रभावमा परेका छन् । भोट बैंक र आर्थिक प्रलोभनका कारण उनीहरूले आँखा अगाडि भइरहेको यो अवैध धन्दालाई नदेखेझैँ गरिरहेका छन् ।

सरकारी विद्यालयका प्रधानाध्यापक : कतिपय सरकारी विद्यालयका प्रधानाध्यापकले निजी विद्यालयबाट कमिसन खाएर आफ्नो स्कुलको इआइएमएसको युजरनेम र पासवर्ड निजीका सञ्चालकलाई सुम्पिने गरेका छन् । कतिपय ठाउँमा आफ्नो स्कुलमा विद्यार्थी संख्या बढी देखाएर सरकारबाट बढी अनुदान र शिक्षक दरबन्दी जोगाउन पनि यो अवैध सम्झौता गर्ने गरिएको छ ।

निजी विद्यालय सञ्चालकको राजनीतिक पहुँच : यी जिल्लामा निजी विद्यालय सञ्चालकको बलियो नेटवर्क छ । उनीहरू राजनीतिक दलका नेता, सांसद र मन्त्रीसम्म पहुँच राख्छन् । कुनै कर्मचारीले अनुगमन गरेर कारबाही गर्न खोजेमा तत्कालै शक्तिकेन्द्रबाट कारबाही नरोके सरुवा गरिदिनेजस्ता धम्की आउँछ ।

शिक्षामा अपराधको तीतो यथार्थ : सरकारलाई यो लेखमा उल्लेख गरिएका मुद्दामा शंका लाग्छ भने सप्तरीका विभिन्न स्थानीय तहका बजार र ग्रामीण क्षेत्रमा आकस्मिक निरीक्षण गरे हुन्छ । सप्तरीका कतिपय गाउँपालिका र नगरपालिकाका दर्ता किताब हेर्ने हो भने प्राविधिक रूपमा प्राथमिक विद्यालय (कक्षा ५ सम्म) देखिने व्यापारिक निजी विद्यालयले छाती फुलाएर कक्षा ९ र १० को ट्यूसन र नियमित कक्षा चलाइरहेका छन् । तर, उनीहरूको आफ्नै विद्यालयका नाममा कक्षा ८ को मार्कसिट वा कक्षा १० को प्रवेशपत्र आउँदैन ।

यो अपराधमा अभिभावकहरू पनि मौन साझेदार बनेका छन् वा बनाइएका छन् । हुने खाने अभिभावक सोच्छन्, 'पैसा तिरेर निजीमा राम्रो पढाइ पनि भयो, सरकारीको ट्याग भिरेर भोलि छोराछोरीले छात्रवृत्तिमा डाक्टर पढ्न पनि पाउने भए । मलाई के घाटा !' तर उनीहरूले यो बुझेका छैनन् कि यो अनैतिक र गैरकानुनी जगमा उभिएको शिक्षाले उनीहरूका छोराछोरीलाई भोलि कस्तो नागरिक बनाउला ? यसले समाजका वास्तविक गरिबमाथि कति ठुलो अन्याय गरिरहेको होला ? अबको बाटो : यो बहुआयामिक अपराध रोक्न अब सानातिना र परम्परागत परिपत्रले मात्र पुग्दैन । यसका लागि राज्यले कडा र निर्मम कदम चाल्नु जरुरी छ ।

इआइएमएसको बायोमेट्रिक र राष्ट्रिय परिचयपत्र आबद्धता : इआइएमएस प्रणालीलाई विद्यार्थीको राष्ट्रिय परिचयपत्र वा जन्मदर्ता र अभिभावकको नागरिकतासँग डिजिटल रूपमा लिंक गरिनुपर्छ । प्रत्येक विद्यार्थीको भौतिक उपस्थिति र प्रधानाध्यापकको 'शपथपत्र' अनिवार्य गरिनुपर्छ । एउटा विद्यालयबाट अर्को विद्यालयमा विद्यार्थी स्थानान्तरण हुँदा स्थानान्तरण प्रमाणपत्र अनिवार्य रूपमा अनलाइन प्रणालीबाट मात्र स्वीकृत हुने व्यवस्था गरिनुपर्छ ।

केन्द्रीय र स्वतन्त्र अनुगमन टोली : स्थानीय तह र जिल्लाका निकाय शंकाको घेरामा रहेकाले शिक्षा मन्त्रालयले सीधै केन्द्रबाट वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समन्वयमा आकस्मिक अनुगमन टोली खटाउनुपर्छ । अनुगमनका क्रममा स्वीकृतभन्दा माथिल्लो कक्षा चलाएको भेटिएमा सो विद्यालयको दर्ता तुरुन्त खारेज गरिनुपर्छ ।

फौजदारी मुद्दा र बर्खास्तगी : निजी विद्यालयका विद्यार्थीलाई सरकारी भनी इआइएमएसमा चढाउने सरकारी विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका पदाधिकारीलाई मुलुकी अपराध संहिताअन्तर्गत किर्ते र भ्रष्टाचार मुद्दा चलाएर जेल हाल्नुपर्छ र भविष्यमा सरकारी सेवाका लागि अयोग्य हुने गरी बर्खास्त गर्नुपर्छ ।

छात्रवृत्तिको पुनः प्रमाणीकरण : उच्च शिक्षा र प्राविधिक शिक्षा (सिटिइभिटी, चिकित्सा शिक्षा आयोग, त्रिवि आदि) मा सरकारी कोटामा आवेदन दिने विद्यार्थीको कक्षा ६ देखि १० सम्मको भौतिक उपस्थिति, विद्यालयको हाजिरी रजिस्टर र स्थानीय तहको सिफारिसको पुनः सूक्ष्म छानबिन गर्ने बलियो संयन्त्र बनाइनुपर्छ ।

निष्कर्ष : शिक्षा व्यापार होइन, यो राष्ट्र निर्माणको जग हो । तर, शिक्षा दिने संस्थाहरू नै राज्यलाई ठग्ने र गरिबको अधिकार लुट्ने संगठित गिरोहमा परिणत भएको अवस्थामा देशको भविष्य कस्तो होला ? सप्तरी र तराईका जिल्लामा भइरहेको यो 'इआइएमएस'को खेल र अवैध कक्षा सञ्चालन प्राविधिक त्रुटि होइन, यो राज्य संयन्त्रकै नाकमुनि भइरहेको एउटा ठुलो नीतिगत तथा कानुनी अपराध हो । सरकारले आफ्ना परिपत्र कागजमा मात्र सीमित राख्ने कि त्यसलाई कार्यान्वयन गरेर विधिको शासन स्थापित गर्ने ? सिंहदरबार र शिक्षा मन्त्रालयले अब यो प्रश्नको उत्तर बोलीले होइन, कारबाहीले दिनुपर्छ ।

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचक २६ दशमलव १६ अङ्कले घट्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २६ दशमलव १६ अङ्कले ओरालो लागेर दुई हजार ६७४ दशमलव ४८ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३१ अङ्कले ओरालो लागेर ४६१ दशमलव ४८ मा सीमित भएको छ ।

कूल ३५३ कम्पनीको एक करोड ४० हजार १६४ कित्ता शेयर रु चार अर्ब ३६ करोड २१ लाख ९४ हजार ७७१ मूल्यमा खरिद बिक्री भए । कारोबार भएकामध्ये आज २२ कम्पनीको मात्रै शेयर मूल्य वृद्धि भएको छ । नेप्सेका अनुसार, २३९ कम्पनीको शेयर मूल्य ओरालो लाग्दा ११ कम्पनीको भने कुनै परिवर्तन भएन ।

कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । सोपान फर्मास्यूटिकल्स, रिलायन्स स्पिनिङ मिल्स, एनआरएन इन्फास्ट्रक्चर एण्ड डेभलपमेन्ट र बुङ्गल हाइड्रोपावर शीर्ष स्थानमा छन् ।

कारोबारमा टक्सार पिलुवा खोला हाइड्रोपावर, याम्बलिङ हाइड्रोपावर, लक्ष्मी उन्नति कोष, सिद्धार्थ इन्भेस्टमेन्टग्रोथ स्किम तेस्रो र सनराइज ब्ल्यूचिप फण्डका लगानीकर्ताले कमाएका छन् । बुङ्गल हाइड्रो, अपोलो हाइड्रोपावर, सोपान फर्मास्यूटिकल्स, कालिञ्चोक हाइड्रोपावर र सूर्यकुण्ड हाइड्रोका शेयरधनीले भने गुमाएका छन् ।

# आँपको पात स्वास्थ्यका लागि निकै उपयोगी



फलफूलको राजा आँप विभिन्न जातका कारण विश्वभर परिचित छ । स्वादिलो हुनुका साथै स्वस्थ्य पनि हुन्छ । अचम्मको कुरा के छ भने आँपको पात पनि तपाईंको स्वास्थ्यका लागि उत्तिकै महत्वपूर्ण हुन्छ ।

वैज्ञानिक रूपमा, आँपको पातलाई मङ्गिफेरा इन्डिका भनिन्छ। आँपको पातको एक मात्र प्रयोग थाहा छ, त्यो पनि कुनै पनि चाडपर्व वा शुभ दिनमा ।

यसबाहेक आँपको पातको प्रयोगको बारेमा हामीलाई धेरै कम जानकारी छ ।

**आँपको पोषक तत्व र फाइदाहरु**

१- आँपको पातमा भिटामिन सी, भिटामिन ए र भिटामिन बी जस्ता भिटामिन प्रचुर मात्रामा पाइन्छ । यसमा स्टेरोइड, अल्कालोइड्स, रिबोफ्लेभिन, थायामिन, फेनोलिक, बिटा क्यारोटिन, फ्लेभोनोइड्स जस्ता यौगिकहरू हुन्छन् ।

आँपको पातमा टेरपेनोइड्स र पोलिफेनोल प्रशस्त मात्रामा पाइन्छ, जसले रोगबाट जोगाउँछ र तपाईंको शरीरमा हुने सूजनसँग लड्छ ।

२- आँपको पातको अर्कले फाइन लाइनहरू, बुढ्यौलीका लक्षणहरू र छालाको सुख्खापन कम गर्न सक्छ । यसले कोलाजेन उत्पादनमा पनि मद्दत गर्दछ, जसले अनुहारबाट झुर्रियाँ र फाइन लाइनहरू कम गर्न सक्छ ।

३- आँपको पातमा एन्टिब्याक्टेरियल गुण हुन्छ, जसले छालामा हुने संक्रमण र ब्याक्टेरियाले हुने जलनलाई निको पार्न मद्दत गर्छ ।

४- आँपको पातले मधुमेहका बिरामीको रगतमा चिनीको मात्रा सन्तुलनमा राख्न मद्दत गर्छ । ती पातहरूमा एन्थोसायनिडिन नामक ट्यानिन हुन्छ, जसले प्रारम्भिक मधुमेहको उपचारमा मद्दत गर्न सक्छ ।

**कसरी प्रयोग गर्ने**

एक कप पानीमा १०-१५ आँपका पातहरू उमाल्नुहोस् । त्यसपछि पानीलाई रातभर चिसो गर्न छोड्नुहोस् र बिहान खाली पेटमा पिउनुहोस् ।

आँपको पातको धुलो पित्त र मिर्गौलाको पत्थरीको उपचारमा प्रयोग गरिन्छ । यसले मृगौलाको पत्थरीलाई तोड्न र पिसाबको माध्यमबाट शरीरबाट बाहिर निकाल्न मद्दत गर्छ ।

**कसरी प्रयोग गर्ने**

केही आँपको पात लिनुहोस् र सुकाउनुहोस् । यसको पाउडर बनाउनुहोस् र पानीमा मिसाउनुहोस् । पानीलाई रातभर राख्नुहोस् र हरेक बिहान खाली पेटमा पिउनुहोस् ।

आँपको पातले शरीरमा जम्मा भएको बोसोको स्तर घटाएर मोटोपना कम गर्न मद्दत गर्ने अध्ययनले देखाएको छ ।

कसरी सेवन गर्ने - १५० मिलिलिटर पानीमा एक मुट्ठी पात उमालेर आँपको पातको चिया बनाउनुहोस् ।

यदि ताजा पातहरू सजिलै उपलब्ध छैन भने, तपाईं आँपको पातको पाउडर वा अर्क प्रयोग गर्न सक्नुहुन्छ ।



**मार्सीधानको फाँट:**
जुम्लाको गुठीचौर गाउँपालिका-५ स्थित यहाँका स्थानीय बासिन्दाले खेतमा रोपेको मार्सीधानको फाँट । उक्त खेतमा धान गोडमेल गर्ने स्थानीय महिलालाई यो समयमा भ्याइनभ्याई भएको छ। तस्विरः रासस

# 'सरकारले शिक्षा क्षेत्रलाई पनि बेहाल बनायो'



बुटवल। राष्ट्रिय सभाका सांसदहरुले सरकारले शिक्षा क्षेत्रलाई पनि बेहाल बनाएको टिप्पणी गरेका छन् ।

मंगलबार संघीय संसद राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै राष्ट्रिय सभामा रहेको विपक्ष दलहरु नेपाली कांग्रेसका सांसद जगत तिमिल्सिना, नेकपा (एमाले)की सांसद सम्झना देवकोटा, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद घनश्याम रिजालले शिक्षा क्षेत्रलाई समेत अस्तव्यस्त बनाउने गरी सरकारले अध्यादेश ल्याएको भन्दै आपत्ति जनाका हुन् ।

नेपाली कांग्रेसका सांसद तिमिल्सिनाले सरकारका हरेक गतिविधिले मुलुकलाई नै ध्वस्त बनाउने अवस्था आएको आरोप लगाए । उनले सरकारका गतिविधि भदौ २४ गते सिंहदरबार, शीतल निवास, सर्वोच्च अदालत जलाउने जस्तो भएको दाबी गरे ।

सरकारले नीति तथा कार्यक्रम ल्याउने बेलामा विश्वविद्यालयहरूको पदाधिकारी हटाउने काम गरेर गम्भीर गल्ती गरेको सांसद तिमिल्सिनाको भनाइ थियो ।

उनले भने-'यस्तो बेहाल र लथालिंग बनाइएको छ कि शिक्षा क्षेत्रलाई । यो वास्तवमा भन्ने हो भने अहिले शिक्षा क्षेत्रलाई कस्तो गरिएको छ भने जसरी भदौ २४ गते सिंहदरवार, संसद, शीतल निवास, सर्वोच्चमा आगो लगाइयो। त्यो भन्दा कम छैन, यो । शिक्षा क्षेत्रलाई त्यस्तो बनाइएको छ । कस्तो बेलामा पदमुक्त गराइएको छ भने विश्वविद्यालयले आफनो वर्षभरीको बजेट बनाउने बेलामा पदाधिकारीलाई पदमुक्त गरिएको छ । त्यसपछि यो बेला भनेको अब नयाँ प्रोग्रामहरू के गर्ने भनेर प्राज्ञिक परिषद्को मिटिङ गराउने बेलामा यो इनटेनसनली नै यो देशलाई ध्वस्त बनाउन नै गरिएको हो ।'

नेकपा (एमाले)की सांसद सम्झना देवकोटाले स्वदेशमा नै उच्च शिक्षा हासिल गर्ने वातावरण बनाउन सरकारसँग माग गरिन् । उनले नेपाल जस्तो उपयुक्त वातारण भएको मुलुकमा बाह्य मुलुकलाई विद्यार्थीलाई पनि सरकारले उच्च शिक्षा अध्ययनका लागि आकर्षित गर्ने खालको कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औँल्याइन् ।

सांसद देवकोटाले भनिन्-'मुख्यकुरा नेपालमा नै उच्च शिक्षा दिने वातावरण हाम्रा विद्यार्थीहरूलाई बनाउनु पर्‍यो । हाम्रो जस्तो पर्यटकीय, हाम्रो जस्तो वातावरण, हावापानी, आतिथ्यता, हाम्रो जस्तो विदेशीलाई माया गर्ने संस्कारमा बाहिरका विद्यार्थीहरुलाई नेपालमा ल्याएर पढाउने व्यवस्था कसरी बनाउन सकिन्छ, यसका लागि के गर्न सकिन्छ ? यसका लागि शिक्षा मन्त्रालयको कार्यक्रमहरु के छ ? म यसका लागि जानकारी लिन चाहन्छु ।'

नेपाली कम्युनिष्ट पार्टीका सांसद घनश्याम रिजालले सरकारले ल्याएको विश्वविद्यालयसम्बन्धी अध्यादेशले मुलुकका शिक्षा क्षेत्रमा ठूलो समस्या खडा गरेको बताए । उनले विश्वविद्यालयहरुको पदाधिकारी तत्काल नियुक्त गरी त्यहाँ देखिएका समस्या समाधान गराउनका लागि पनि सरकारलाई सचेत गराए ।

सांसद रिजालले भने-'हाम्रो चिन्ता विश्वविद्यालय ठिकठाक ढंगले अघि बढोस् । हामी जसरी चलाउँछौँ विश्व विद्यालय, विद्यार्थीहरू बाह्य मुलुकमा जानुपर्ने अवस्था छ। यस्तो बेलामा पदाधिकारी नियुक्तिको विषयले थप समस्या नआओस् भन्ने हाम्रो चिन्ता हो ।'

सांसद रिजालले सरकारले ठिक ढंगले काम गरोस् भन्ने आफूहरूले चाहेको पनि उल्लेख गरे ।

# निजी शिक्षण संस्थामा साढे ३७ लाख विद्यार्थी



बुटवल। देशभरि निजी शिक्षण संस्थामा साढे ३७ लाख विद्यार्थी रहेको सरकारी सर्वेक्षणबाट देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार सार्वजनिक गरेको 'नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१' अनुसार देशभरिका निजी शिक्षण संस्थामा ३७ लाख ४१ हजार विद्यार्थी अध्ययनरत देखिएको छ।

सर्वेक्षण आर्थिक वर्ष २०८०/८१ लाई आधार मानेर गरिएको हो। सन्दर्भ वर्षमा यसमध्ये पूर्वप्राथमिक तहमा ९ लाख ३२ हजार, आधारभूत शिक्षा (कक्षा १-८ सम्म) १८ लाख ६४ हजार र माध्यमिक तहमा ४ लाख ९१ हजार विद्यार्थी अध्ययनरत छन् ।

त्यस्तै उच्च शिक्षामा ४ लाख ६६ हजार र प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रिडिप्लोमा तथा डिप्लोमा तहमा जम्मा ३५ हजार ६ सय ८८ विद्यार्थी रहेको कार्यालयले जनाएको छ।

उच्च शिक्षा अध्ययन गर्ने ४ लाख ६६ हजार विद्यार्थीमध्ये २ लाख १४ हजार ९ सय ९७ अर्थात् करिब ४६ प्रतिशत विद्यार्थी बागमती प्रदेशमा रहेको तथ्यांक छ।

संकायगत हेर्दा निजी शिक्षण संस्थामा सबैभन्दा धेरै उच्च शिक्षा लिने व्यवस्थापन तथा वाणिज्य संकायका २ लाख ३६ हजार ५ सय ८१ जना छन् । शिक्षा संकायमा १ लाख १२ हजार ७ सय ७६, मानविकी तथा सामाजिक शास्त्रमा ४१ हजार ९, विज्ञान तथा प्रविधि अध्ययन संकायमा ३६ हजार १ सय ५९ र इञ्जिनियरिङमा २१ हजार ७ सय ३९ विद्यार्थी रहेको देखिन्छ।

नेपालका निजी शिक्षण संस्थामा ३ लाख भन्दा बढी व्यक्तिले रोजगारी पाएको देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१ को नतिजा सार्वजनिक गरेको छ।

सर्वेक्षण अनुसार ३ लाख ११ हजार ५१६ जना व्यक्ति निजी शिक्षण संस्थामा संलग्न रहेको देखिएको छ। यो सरकारी शिक्षण संस्थाबाहेकको संख्या हो। यीमध्ये ३ लाख २१ जना तलब/ज्याला पाउने कर्मचारी रहेको देखिएको छ। तलब-ज्याला पाउनेमध्ये २ लाख २१ हजार ५०४ जना शिक्षक र ७८ हजार ५१७ जना गैर-शिक्षक कर्मचारी रहेको तथ्यांकबाट देखिएको छ।

शिक्षण संस्थामा कार्यरत जनशक्तिमध्ये ८१ प्रतिशत पूर्णकालीन र १९ प्रतिशत पार्टटाइमका छन् । गैरशिक्षकतर्फ ९६ प्रतिशत पूर्णकालीन र ४ प्रतिशत पार्टटाइम कर्मचारी रहेको सर्वेक्षणबाट देखिएको छ। कर्मचारीमध्ये १ लाख ४५ हजार पुरुष र १ लाख ५४ हजार महिला रहेको देखिएको छ। यसरी हेर्दा निजी शिक्षण संस्थामा काम गर्ने कर्मचारीमा महिलाको संख्या अधिक रहेको छ।

प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी बागमती प्रदेशमा १ लाख १७ हजार २२९ जनालाई रोजगारी सिर्जना भएको देखिन्छ। जुन पूर्ण रोजगारीको एक तिहाईभन्दा बढी हो। कोशी प्रदेशमा ४८ हजार ७१०, मधेशमा ४० हजार ३३३, लुम्बिनीमा ४३ हजार १२०, गण्डकीमा २४ हजार ५५८, सुदूरपश्चिममा १८ हजार ७५८ र कर्णालीमा ७ हजार ३१२ रोजगारी सिर्जना निजी शिक्षण संस्थाले गरेका छन् । लैंगिक हिसावले हेर्दा मधेश बाहेक सबै प्रदेशमा महिला कर्मचारीको संख्या पुरुषको तुलनामा अधिक छ।

कार्यालयले आर्थिक वर्ष २०८०/८१ लाई सन्दर्भ वर्ष मानेर सर्वेक्षण सञ्चालन गरेको थियो। सर्वेक्षणले सोही आवसम्मको अवस्था चित्रण गर्ने कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेले जानकारी दिए।

# सदस्यता अद्यावधिक नगर्नेलाई पार्टीले चिन्दैन : गगन

बुटवल। नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीको क्रियाशील सदस्यता डिजिटल्ली अद्यावधिक नगर्नेहरूलाई पार्टीले सदस्यका रूपमा नचिन्ने बताएका छन् ।

मंगलबार झापामा कार्यकर्ता भेलामा सभापति थापाले अद्यावधिक नगर्नेलाई नयाँ बनाइएको सदस्यताको सिस्टमले नै पार्टी सदस्यका रूपमा नचिन्ने बताएका हुन् । 'अद्यावधिक नभएको कोही पनि साथीलाई नेपाली कांग्रेसले सम्मान गर्छ, माया गर्छ तर पार्टी सदस्यका रूपमा चिन्दैन,' सभापति थापाले भने- 'अब मैले के गर्ने ? मैले व्यक्तिगत रूपमा चिन्छु, जय नेपाल भन्छु तर अब सिस्टमले नै चिन्दैन, भोट हाल्ने बेला नाम वडामा आउँदैन ।'

पार्टीले सदस्यता व्यवस्थापन, निर्वाचन प्रक्रिया र सङ्गठन सञ्चालनलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा आधारित बनाएको पनि बताए । त्यसैले अद्यावधिक नभएका सदस्यको नाम वडा अधिवेशनदेखि माथिल्लो तहका निर्वाचन प्रक्रियामा समावेश नहुने भन्दै यो व्यवस्था कसैलाई निषेध गर्न नभई पार्टीलाई विधिसम्मत र व्यवस्थित बनाउन लागू गरिएको बताए । निवर्तमान सभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला पक्षका नेताहरूले क्रियाशील अद्यावधिक गरेका छैनन् ।

# खगेन्द्र सुनारमा शक्तिको मात : रक्षा



बुटवल। जेनजी अभियन्ता रक्षा बमले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसद खगेन्द्र सुनारको अभिव्यक्तिमा शक्तिको मात झल्किएको टिप्पणी गरेकी छन्। मंगलबार फेसबुकमार्फत् टिप्पणी सार्वजनिक गर्दै अभियन्ता बमले नयाँ पुस्तालाई असहिष्णु बन्न सिकाउने अभिव्यक्ति दुर्भाग्यपूर्ण रहेको बताएकी छन्।

'माननीय खगेन्द्र सुनारज्यूले महाधिवेशनमा अतिथिका रूपमा उपस्थित विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूबारे व्यक्त गर्नुभएको टिप्पणीमा शक्तिको मात र अहंकार झल्किन्छ,' अभियन्ता बमले लेखेकी छन्- 'विचार, सिद्धान्त र राजनीतिक मत फरक हुनसक्छन्, तर अतिथिको सम्मान गर्नु हाम्रो सभ्यता, संस्कार र लोकतान्त्रिक मूल्यको आधारभूत पक्ष हो । असहमति व्यक्त गर्ने अधिकार सबैलाई छ, तर अपमान गर्ने अधिकार कसैलाई छैन। दुर्भाग्यवश, यस्ता अभिव्यक्तिहरूले नयाँ पुस्तालाई फरक विचार राख्ने मानिसप्रति असहिष्णु बन्न सिकाउँछन् ।' उनले यस्ता प्रवृत्तिलाई सामान्य नबनाउन र अराजकता रोक्न रास्वपाजनसँग आग्रह गरेकी छन्।

# व्यापार संघमा रिकण्डिसन बस्तुगत उप-समिति गठन




बुटवल। रुपन्देही व्यापार संघमा आबद्ध रिकण्डिसन व्यवसायीहरुको सम्पन्न वृहत् भेलाले वस्तुगत उप-समिति गठन गरेको छ । संघको सचिवालयमा भएको उक्त भेलाले सन्तोष के.सी.को संयोजकमा १४ सदस्यीय रिकण्डिसन वस्तुगत उपसमिति गठन गरेको हो ।

रिकण्डिसन उपसमितिको सह-संयोजकमा धनकुमार भट्ट, सचिवमा पारस मरासिनी, कोषाध्यक्षमा लक्ष्मण पोखरेल र सह-सचिवमा श्याम जिसी रहेका छन् भने सदस्यहरुमा सन्तोष रिमिरे, रहिसदिन मिया, अनुज अर्याल, नितेश न्यौपाने, प्रेमराज के.सी., सन्तोष के.सी., नविन कार्की, साविर अलि र अनिल खत्री रहेका छन् ।

कार्यक्रममा प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकालले संस्थागत हित र संस्थाको सुदृढिकरणका लागि सबैको भूमिका महत्वपूर्ण हुने भन्दै सबैलाई जिम्मेवार भएर पेशा व्यवसाय सञ्चालन गर्न आग्रह गरे । उनले आफ्ना व्यावसायीहरुका समस्या वस्तुगत उप-समितिमार्फत् संघमा ल्याउन आग्रह गर्दै उप-समितिलाई रचनात्मक कार्यहरु गर्न सुझाव दिए ।

यस्तै भेलामा संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारी, प्रथम उपाध्यक्ष ऋषिराम पाण्डे, द्बितिय उपाध्यक्ष मनहरि बस्याल, महासचिव प्रकाशराज पौडेल, कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराई, वस्तुगत सह-कोषाध्यक्ष जिवनारायण घिमिरेलगायतले विभिन्न पक्षहरुका बारेमा बोल्दै व्यवसायीहरुको संगठनात्मक भूमिका र औचित्यका बारेमा बताएका थिए । कार्यक्रम संघका सह-कोषाध्यक्ष जीवनारायण घिमिरेको अध्यक्षता एवं पारस मरासिनीको सञ्चालनमा सम्पन्न भएको थियो ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com

# तीन दिन विद्यालय बन्द




नेपालगञ्ज । अत्यधिक गर्मी बढेपछि नेपालगन्जमा बुधबारदेखि लागू हुनेगरी तीन दिनका लागि १६३ वटा विद्यालय बन्द गरिने भएको छ। यसअघि पनि उपमहानगरले सूचना जारी गर्दै गर्मीका कारण विद्यालय बन्द गरेको थियो ।

गर्मीले विद्यार्थीलाई विद्यालय आवतजावत गर्न कठिनाइ भई स्वास्थ्यमा प्रतिकूल असर हुने जोखिमलाई ध्यान दिँदै असार १०, ११ र १२ गते विद्यालय बन्द गरिने भएको छ।

उपमहानगरका शिक्षा महाशाखा प्रमुख गोर्खबहादुर खत्रीले जल तथा मौसम विज्ञान विभागलगायतको सुझावका आधारमा तीन दिन विद्यालय तहका सम्पूर्ण पठनपाठन बन्द गरिने जानकारी दिए । 'गर्मीले अधिकांश विद्यालयका विद्यार्थीमा बेहोस हुने, टाउको दुख्नेलगायतका लक्षण देखिएकाले विद्यालय बन्द गर्न बाध्य भएका हौँ ।'- उनले भने ।

नेपालगञ्ज उप-महानगरपालिकामा संस्थागत ८२, सामुदायिक ४२ र धार्मिक विद्यालय ३९ गरी कुल १६३ विद्यालय रहेका छन् । जल तथा मौसम विज्ञान कार्यालय, कोहलपुरका अनुसार त्यहाँ मंगलबारको अधिकतम तापक्रम ३९ डिग्री सेल्सियस रहेको थियो ।

कार्यालयका सिनियर डिभिजनल हाइड्रोलोजिष्ट रामप्रसाद अवस्थीले नेपालगन्जमा ४० र खजुरामा ३९.६ अधिकतम तापक्रम रेकर्ड भएको जानकारी दिएका छन् ।

# उत्कृष्ट १० उद्यमी पुरस्कृत

ढोरपाटन (बागलुङ) । बडिगाड गाउँपालिकाले पालिकाभित्र रहेर विभिन्न उद्यम गर्दै आएका उद्यमीलाई प्रोत्साहन गर्न विभिन्न संस्थासँग सहकार्य गरेर उत्कृष्ट उद्यमी छनोट गरेको छ ।

गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालय, बडिगाड गाउँपालिका र दायित्व संस्थाका त्रिपक्षीय सहकार्यमा सञ्चालित बुद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रममार्फत वडा नं ७ का जीवबहादुर खत्री उत्कृष्ट घोषित हुनुभएको छ । खत्रीलाई रु एक लाख ५० हजारले सम्मानसमेत गरिएको छ ।

गाउँपालिकाले उत्कृष्ट उद्यमी बन्नका लागि निवेदन आह्वान गरेको थियो । जसमा बडिगाडका ९१ उद्यमीबिच प्रतिस्पर्धा गराएको गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिइन् । ९० जना उद्यमीबाट उत्कृष्ट ४०, २० र १० को प्रतिस्पर्धाबाट खत्री प्रथम भएको उनको भनाइ छ ।

खत्रीबाहेक अन्य नौ जना उद्यमीलाई भने जनही रु एक लाखले सम्मान गरिएको अध्यक्ष अधिकारीले बताइन् । गण्डकी प्रदेशको रु ४० लाख, बडिगाड गाउँपालिकाको रु २० लाख र दायित्व संस्थाको रु १५ लाख लागत साझेदारीमा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिएको थियो । अध्यक्ष अधिकारीले केही गर्न चाहनेका लागि देशमै प्रशस्त सम्भावना भएको बताइन् ।

अध्यक्ष अधिकारीले भनिन्-"स्वदेशमै केही गर्न चाहानेहरूका लागि थुप्रै सम्भावना छ, बडिगाडमा धेरै उद्यमी हुनुहुन्छ, कोहीले अहिले उद्यम सुरु गर्नुभएको छ त कोहीले पहिलेदेखि नै गर्दै आउनुभएको थियो, उद्यमीलाई प्रोत्साहन गर्न यसपालि उत्कृष्ट उद्यमी छनोट गरेका छौँ, आगामी दिनमा पनि उद्यमीहरू यसरी नै बढ्दै जानुहुनेछ ।"

उत्कृष्ट बनेका खत्रीले ४० रोपनी क्षेत्रफलमा फलफूलखेती गर्दै आएका छन् । पालिकाले यसरी प्रोत्साहन गर्दा काम गर्ने ऊर्जा थप भएको उनले बताए । उद्यमीका समस्या बुझेर पालिकाले काम गर्न सके गाउँठाउँमै रोजगार सृजना गर्न सकिने खत्रीको भनाइ छ ।

# जिल्लास्तरीय बाल सञ्जाल गठन



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीको परासीमा जिल्लास्तरीय बाल भेला तथा बाल क्लब सञ्जाल गठन तथा अधिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । 'बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका साथ पश्चिम नवलपरासीको परासीमा जिल्लास्तरीय बाल भेला तथा बाल क्लब सञ्जाल गठन तथा अधिमुखिकरण कार्यक्रम सम्पन्न भएको हो ।

जिल्ला समन्वय समिति नवलपरासीको आयोजना तथा सेभ द चिल्ड्रेन इन्टरनेशनल, पिस नेपाल तथा बाल अधिकारका लागि नागरिक सञ्जाल लुम्बिनी प्रदेशको प्राविधिक सहयोगमा जिल्लास्तरीय बाल भेला तथा बाल क्लब सञ्जाल गठन तथा अधिमुखीकरण कार्यक्रम गरिएको थियो । सहभागी बालबालिकाहरूलाई बाल अधिकार, बाल संरक्षण, नेतृत्व विकास, सामाजिक उत्तरदायित्व तथा बाल सहभागिताको महत्वबारे जानकारी गराइएको थियो ।

कार्यक्रमका वक्ताहरूले बालबालिकामा गरिएको लगानीले राष्ट्रको समग्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने धारणा व्यक्त गर्दै बालमैत्री समाज निर्माणका लागि सबै सरोकारवालाको साझा प्रयास आवश्यक रहेको बताए । उनीहरूले बालबालिकाको प्रतिभा, सिर्जनशीलता र नेतृत्व क्षमतालाई उजागर गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने उल्लेख गरे । बोल्दै प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले बालबालिका वर्तमानका साझेदार र भविश्यका कर्णधार रहेको बताए । उनले जसरी बालबालिकाका अधिकार हुन्छ त्यस्तै कर्तव्यपनि रहेकोले सोहीअनुसार बालबालिकाहरू अगाडि बढन आवश्यक रहेको बताए ।

कार्यक्रमलाई समापन गर्दै समन्वय समिति प्रमुख यादवले धेरै समयपछि जिल्लास्तरमा बालबालिकाको भेला भएको जनाए । गठन भएको बाल सञ्जालले सातैवटै स्थानीय तहमा सक्रिय हुने र महत्वपूर्ण भूमिका खेल्नेमा आफू विश्ववास रहेको उनले बताए ।

त्यस्तै बाल सञ्जालको पहिलो बैठकले १६ बुँदे सुझावसहित बाल क्षेत्रमा सबै जिम्मेवार निकाय तथा स्थानीय तहलाई काम गर्न अनुरोध गरेको छ । बालबालिकाको अधिकार सुनिश्चित तथा कार्यान्वयनका लागि हाम्रो सुझावलाई हातेमालो गरी अगाडि बढ्न अनुरोध गरिएको बाल सञ्जालका अध्यक्ष आदर्श भण्डारीले बताए ।

भेलाले सुनवल नगरपालिकाका आदर्श भण्डारीको अध्यक्षतामा ९ सदस्यीय जिल्लास्तरीय बाल सञ्जाल सर्वसम्मत चयन गरेको छ । जसको उपाध्यक्षमा प्रतापपुरकी महिमा चमार, सचिवमा बर्दघाटका साहिदअलि मिया, कोषाध्यक्षमा सरावलका कुशल भण्डारी, सहसचिवमा पाल्हीनन्दनकी चन्दनीकुमारी गुप्ता लाई सर्वसम्मत चयन गरेको हो । यस्तै सदस्यहरुमा सुस्ताका विवेक प्रजापती र रामग्रामकी अञ्जली हरिजन सर्वसम्मत चयन भएका हुन् । सर्वसम्मत चयन ७ सदस्यीय समितिको पहिलो बैठकले सञ्जालमा थप दुई जना (जनजाती र अपाङ्गता) क्षेत्रका बालबालिका चयन गर्ने निर्णय गरेको छ ।

**पाँच दिनभित्र...**

'मैले त बरु केही गरौँला । तर पनि सोचेजस्तो सहज छैन। बस्नेखाने ठेगान नहुँदा मन आत्तिएको छ,' उनले भने- 'झन अरु अपांगता भएका, परिवार बितेकाहरूको अवस्था कस्तो होला ? उहाँहरू झन कहाँ जाने ? राज्यले नागरिक ठान्छ भने सोचिदिनुपर्ने होइन ? यहाँ आएर गईहाल भन्न कसरी सकेको ?'

सरकारी टोलीले तीन महिनाभित्र व्यवस्थापन गर्ने भनेपनि विश्वास नरहेको उनले बताए । आफैँले विश्वास गरेर मत दिएर राज्य संचालनका लागि पठाएकासँग अब पुरानो विश्वास कायम नरहेको उनको भनाई छ।

राजकुमारका अनुसार, बागमती सभ्यताकै टोली आउँदा पनि आफूहरुले जाने विकल्प कतै नरहेको बताएका थिए । पहिला दीर्घकालीन व्यवस्थापन गरेर मात्र यस्तो निर्देशन दिनु भन्दै जवाफ फर्काए । तर, सरकारी प्रतिनिधि कुनै स्पष्ट जवाफ नदिई फर्किए । अर्को टोली आउँछ, त्यतिबेला यी कुरा गर्नुस्' भनेर ओठे जवाफ फर्काएको उनले बताए।

यसरी राज्यले एकातिर छाडेर जानु भनिरहेको छ भने अर्कोतिर सबैका लागि एउटै खानाको 'मेस' हुँदा समस्या उत्पन्न भएको छ। सामान्य मानिसलाई बस्ने-खाने कुरामा समस्या नरहे पनि बिरामीलाई गाह्रो भएको उनको भनाइ छ।

**देशमा ...**

**मालपानीको गाडी चढ्नेमाथि पनि छानबिन गर्न माग**

वरिष्ठ अधिवक्ता एवं पूर्वमहान्यायाधीवक्ता रमेश बडालले व्यवसायी कमलकिशोर मालपानीको गाडी उपयोग गर्ने व्यक्तिमाथि पनि सम्पत्ति शुद्धीकरणको आरोपमा अनुसन्धान हुनुपर्ने माग गरेका छन् । विशेष अदालतमा बहस गर्दै उनले सरकारले राजनीतिक प्रतिशोधका आधारमा अनुसन्धान अघि बढाएको भनी पूर्वमन्त्री विष्णु पौडेलको पक्राउमा प्रश्न उठाएका हुन् ।

सोमबार पक्राउ परेका पूर्वमन्त्री पौडेललाई सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागले विशेष अदालतमा उपस्थित गराएको छ । विशेष अदालतमा पौडेलको पक्राउविरुद्ध प्रस्तुत भएका उनले पौडेलमाथि राजनीतिक प्रतिशोधस्वरुप पक्राउ गरिएको जिकिर गरेका हुन् ।

उनले बरु मालपानीमाथि अनुसन्धान हुनुपर्ने र त्यसक्रममा मालपानीको गाडी प्रयोग गर्ने व्यक्तिमाथि अनुसन्धान हुन माग गरेका हुन् ।

उनले मालपानीको गाडी प्रयोग गर्ने भनी प्रधानमन्त्री बालेन शाहतिर संकेत गरेका हुन् । शाह सांसद उम्मेदवार हुँदा मालपानीको गाडी चढेर चुनाव प्रचारप्रसारमा हिडेका थिए। चौतर्फी चर्को आलोचनापछि बालेनले उक्त गाडी चढ्न छाडेका थिए । उक्त गाडी करिब ५ करोड मूल्यको हो ।

**सरकारले...**

मंगलबार संघीय संसद राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै उनले उक्त कुरा बताएका हुन् । सरकारले बाह्य मुलुकको हित हुने खालको काम गरिरहेकाले उनीहरू खुशी भएको पनि सांसद ठाकुरको जिकिर थियो ।

उनले सरकारले नेपाली जनताको नभई अन्य मुलुकको हित हुनेगरी काम गरिरहेको पनि बताए । सरकारको प्राथमिकतामा देश र जनता नरहेको सांसद ठाकुरको बुझाई थियो ।

उनले भने- 'जनताको हातमा त केही छैन । सबै सकियो । हाम्रो स्वतन्त्रतामाथि नै असर परिरहेको छ । किनकी बाहिरका मानिसहरुले सबै चिज कब्जा गरिहाले । र उनीहरुको चित्त बुझाउने गरी सारा काम भइरहेको छ। हामी त त्यसमा कहीँ पनि पर्दै पर्दैनौँ । हामी यो देशका नागरिक हौँ। हाम्रो चित्त बुझाउने किसिमको हाम्रो भलाई हुने किसिमको काम हाम्रो सरकार भएन। यो त हाम्रो सरकार नै छैन । यो बाहिरवालाको सरकार हो। बाहिरवालाले त यो सरकारलाई बाहवाही दिइरहेको नै छ नि ।' सांसद ठाकुरले सरकारको कारण मुलुक बाह्य मुलुकहरुको कब्जामा गएको पनि बताए ।

**लुम्बिनीको...**

'मन्त्री बाहेक एमाले र कांग्रेसका अधिकांश सांसदहरु वजेट विनियोजनप्रति असन्तुष्ट छन्,' थारुले भने-'हामी सबैको माग बजेट पुस्तिका पुनर्लेखन हुनुपर्छ भन्ने हो ।'

जसपा नेपाल संसदीय दलकी नेता अम्बिका काफ्लेले विपक्षी दल मात्र नभई सत्ता पक्षका नेपाली कांग्रेस,जनमत पार्टी र जसपा नेपालका सांसदहरुले समेत वजेट विनियोजन पूर्णतः असन्तुलित भएकाले स्वीकार्य नभएकाले विरोध जनाएको बताइन् । सत्ता पक्षको नेकपा एमालेका सांसदहरुको समेत बजेटप्रति चर्को असन्तुष्टी रहेको तर खुल्न नसकेको काफ्लले बताइन् । एमालेका एक सांसदले आफ्नै दलको मुख्यमन्त्री र चारजना मन्त्रीहरु भए पनि बजेट विनियोजन जिल्लागत र क्षेत्रगत सन्तुलन नमिलाई ठूला नेताको मिलेमतोमा मन्त्रीका क्षेत्रमा बढी खन्याइएको बताए ।

भौतिक पूर्वाधार विकास मन्त्री रत्न खत्री (बाँके) ले शहरी विकास मन्त्रालयलाई अनधिकृत पत्र काटेर आफ्नो निर्वाचन क्षेत्रमा ५४ वटा योजनालाई बजेट विनियोजन गर्न अनधिकृत निर्देशन दिएको आरोप लगाए । उनले मन्त्री, पूर्व मुख्यमन्त्री र ठूला नेताहरुका निर्वाचन क्षेत्रमा ८०-९० करोड वजेट विनियोजन भएको, तर अन्य सांसदहरुलाई अति न्यून वजेट विनियोजन गरेर भेदभाव गरिएको गुनासो गरे ।

प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३-८४ का लागि असार १ गते ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको वार्षिक बजेट प्रदेश सभामा प्रस्तुत गरेको थियो ।

प्रस्तुत बजेटमध्ये पूँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपैयाँ, चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ।

वित्तीय व्यवस्थातर्फको रकमसमेत समावेश गरी कुल बजेट ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँ पुगेको हो । चालु आर्थिक वर्ष २०८२८३ मा प्रदेश सरकारले ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट ल्याएको थियो ।

**स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.**
**Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही

## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०९)

**श्री शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८३/०३/०८ गते बसेको संचालक समितिको निर्णयानुसार संस्थाको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

मितिः २०८३/०३/३० गते मंगलबार, तदनुसार १४ जुलाई, २०२६

समयः बिहान ११.०० बजे

स्थानः स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देही।

छलफलको विषय सूची :

**क. सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८२, आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।

(५) संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट १ जना संचालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावः**

(१) अन्य इजाजतपत्र प्राप्त 'घ' वर्गका वित्तीय संस्थासंग मर्जर (Merger) वा प्राप्ति (Acquisition) गर्न र गराउन उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(२) नियमनकारी निकायबाट कुनै निर्णय उपर फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**३. विविध ।**

**साधारण सभाको सन्दर्भमा शेयरधनी दर्ता किताब बन्द रहने सूचनाः**

मिति २०८३/०३/२२ गते वित्तीय संस्थाको दर्ता किताब बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८३/०३/१९ गतेसम्म कारोवार भई प्रचलित कानुन बमोजिम शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्नेछन् ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

**नोटः अन्य विस्तृत जानकारीको लागि मिति २०८३/०३/०९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा हेर्नुहुन अनुरोध छ।**

**श्री साना किसान कृषि सहकारी संस्था लि.**
सहकारी ऐन २०७४ अनुसार स्थापित
बुटवल-१५ सेमलार, रुपन्देही
फो.नं.०७१-५०४०७३/९८५७०६६०७३
Email- Sana_kishan@yahoo.com
Sanakishansemlar@gmail.com

## ऋण बुझाउन ल्याउने ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/१०

यस श्री साना किसान कृषि सहकारी संस्था लि.बुटवल-१५ सेमलार, रुपन्देहीबाट तपशिलका शेयर सदस्यहरुले चल अचल सम्पत्ति धितो सुरक्षण वापत धितो राखी लिनु भएको कर्जाको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा रकमको नियमित किस्ता रकम, सो को व्याज, हर्जना रकम समेत भाखा समय भित्र नबुझाई यस संस्थासँग गरेको सम्झौता उलङ्घन गर्नु भएकोले बारम्बार मौखिक तथा लिखित रुपमा जानकारी गराई ताकेता गरी बुझाउनको लागि अनुरोध गर्दा समेत कुनै पनि चासो नदेखाई बेवास्ता गर्नु भएकोले ३५ दिनभित्र तिर्नु पर्ने कर्जा चुक्ता भुक्तान गर्न आउने सम्वन्धित यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा श्री साना किसान कृषि सहकारी संस्था लि.बुटवल-१५ सेमलार, रुपन्देहीको कार्यालयमा सम्पर्क राखी सहकारी संस्थाबाट लिनु भएको ऋण कर्जाको तिर्नु पर्ने साँवा, व्याज, हर्जना तथा अन्य दस्तुर समेतका रकम चुक्ता भुक्तान गर्नु होला अन्यथा उक्त समय अवधि भित्र पनि यस संस्थाको कार्यालयमा आई सम्पूर्ण बुझाउनु पर्ने रकम नबुझाएमा प्रचलित ऐन, कानुन तथा यस सहकारी संस्थासँग गरेको सम्झौता समेतका लिखित एवम सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र यस संस्थाको विनियमावली समेतका कानुन बमोजिम धितो रहेका चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै कानुनी प्रक्रिया अपनाई सहकारी संस्थाको आफ्नो लेना रकम असुल उपर गरीनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कालो सूचीमा नाम समावेश गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै तपशिलमा रहेका धितोबाट समेत सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ समेतका प्रचलित कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरीने व्यहोरा समेत ऋणी जमानीकर्ता तथा सम्वन्धित सरोकारवालालाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपशिल :

| क्र.सं. | ऋणीको नाम थर | धितोको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
| १ | नाम : फुल कुमारी दंगोरिया<br>ठेगाना : बुटवल-१४ शान्तिपुर, रुपन्देही<br>बाबु/पति : झिवर दंगोरिया/शिव प्रसाद कठरिया<br>बाजे/ससुरा : भोनु/ऋषिराम कठरिया<br>ना.प्र.नं. : २/३८४२ | जग्गाधनी : फुल कुमारी दंगोरिया<br>बाबु/पति : जिवर दंगोरिया थारु/शिव प्रसाद कठरिया<br>बाजे/ससुरा : भोनु | रुपन्देही | सेमलार | ८ ग | २२८ | ०-४-० |
| २. | नाम : प्रेम बहादुर मल्ल भन्ने प्रेम बहादुर ठकुरी<br>ठेगाना : बुटवल-१४ पदमपुर, रुपन्देही<br>बाबु : लक्ष्मुमन मल्ल<br>बाजे : दुर्गा बहादुर मल्ल<br>ना.प्र.नं. : ४०३१ | जग्गाधनी : रुद्र कुमारी मल्ल भन्ने रुद्र कुमारी ठकुरी<br>बाबु/पति : प्रेम बहादुर मल्ल भन्ने प्रेम बहादुर ठकुरी<br>बाजे/ससुरा : लक्ष्मुमन | रुपन्देही | सेमलार | २ क | १३२५ | ०-१-१० |
| ३. | नाम : माया थारु<br>ठेगाना : बुटवल-१९ मोतीपुर, रुपन्देही<br>बाबु : ओम प्रकाश थारु<br>पति : विश्वभान चौधरी<br>ना.प्र.नं. : ३७३०१६/१३५ | जग्गाधनी : माया थारु<br>बाबु/पति : विश्वभान चौधरी<br>बाजे/ससुरा : रमेश चौधरी | रुपन्देही | सौ.फर्साटिकर हाल : शु.गा.पा. | ८ क | ११३१ | ०-१-० |

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्लू रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२